## इन्दरसरोवर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## कुलेखानी, मकवानपुर

आ.व. २०७८/७९को लागि

# आन्तरिक आय ठेक्काको

# बोलपत्रको फाराम

**बोलपत्र नं.: IRM/NCB/IR/01/078/079**

**सम्झौता नं.: IRM/NCB/IR/01/078/079**

**प्रकाशन गर्ने कार्यालयः इन्द्रसरोवर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

**कार्यालयको ठेगानाः कुलेखानी, मकवानपुर।**

**प्रकाशित मितिः २०७८/०५/२०**

# इन्द्रसरोवर गाउँपालिका

कुलेखानी, मकवानपुर

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०७८/०५/२०

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क. र यस इन्द्रसरोवर गाउँपालिकाको आर्थिक विधेयक, २०७८को दफा १२को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी बागमती प्रदेशले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ती, फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/७८को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | सूचना नं. | वोलपत्रको नाम | उत्खनन् परिमाण (घ.फिट) | न्युनतम वोलतत्र रकम (सेवा शुल्क र मू.अ.क बाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १ | IRM/NCB/IR/01/078/079 | शेरा खोला, ठाडो खोला तथा महालक्ष्मी खोलाका निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थको बिक्री गर्ने तथा आन्तरिक आय सङ्कलन गर्ने | १७,२३,३२९.६२ | १,५५,०९,९६६.६ | कबोल अङ्कको ३% | ३,००० |
| २ | IRM/NCB/IR/02/078/079 | वडा नं. २ र ३का तोकिएका खोलाका निर्धारित क्षेत्रबाट नदीजन्य पदार्थको बिक्री गर्ने तथा आन्तरिक आय सङ्कलन गर्ने | १५,६०,८३४.७१ | १,४०,४७,५१२.३९ | | ३,००० |

वोलपत्र सम्बन्धी शर्तहरुको लागि indrasarowarmun@gmail.com, infra.indrasarowar@gmail.com, मा सम्पर्क गर्नुहोला अथवा www.indrasarowarmun.gov.np बाट पनि Download गर्न सकिनेछ।

शर्तहरु:

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/७८को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा बैङ्क अफ काठमाण्डौंको इन्द्रसरोवर शाखामा रहेको यस कार्यालयको खाता नं. ०१८०००००३७०५२४मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। साथै विद्युतिय माध्यमबाट वोलपत्र पेश गर्न चाहने वोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट वोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व शाखा वा यस कार्यालयको बैङ्क खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अङ्कको ३ प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको बैङ्क अफ काठमाण्डौंमा रहेको धरौटी खाता नं. ०१८००००००११३५२४ मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा इजाजत प्राप्त बैङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र बुझाउन पाउने अन्तिम मिति देखी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्डको सक्कल प्रति सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएको सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोप्राईटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १४ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रहोवरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १५औ दिन दिनको १४ बजे इन्द्रसरोवर गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिइ यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

७. म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र मू.अ.क दर्ता प्रमाणपत्र समेत लिई कबोल अङ्कको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाई दोश्रो किस्ता बापत बाँकी रकमले हुने रकममा १०% थप गरी नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त बैङ्कबाट यस कार्यालयको नाममा २०७९ साल श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैङ्क ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अङ्क, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

९. यस गाउँपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएका फर्महरुको सो रकम नबुझाएको खण्डमा बोलपत्र स्वीकृत गरिने छैन।

१०. संस्थागत आवेदकको हकमा आफु यस्तो बोलपत्र दाखिला गर्न अयोग्य नभएको भनी स्वःघोषणा गरेको पत्र अनिवार्य पेश गर्नुपर्नेछ अन्यथा बोलपत्र स्वीकृत गरिने छैन।

११. तोकिएको म्याद भित्र पट्टा उठाउन नसकेमा राखिएको घरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिने छ। यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस स्थनीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यलयबाट गरिएको प्रारम्भीक वातावरणीय परिक्षण यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

१२. यहाँ उल्लेख नगरिएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछन।

नोटः विस्तृत जानकारीको लागि सम्पर्कः

| | |
|---|---|
| नामः आदर्श पोखेल | नामः |
| पदः इन्जिनियर | पदः प्रमुख प्रशासकीय अधिकृत |
| सम्पर्क नं.: ९८४५३४५५०५ | सम्पर्क नं.: ९८५५०८८१६६ |

**अनुसूची-२ख**

(दफा ४को उपदफा (५) सङ्ग सम्बन्धित)

**<u>ठेक्का सम्झौता फाराम</u>**

लिखितम ..................... नाती .......................... छोरा........................ जिल्ला........................ गाउँपालिका/नगरपालिका वडा नं. ........ स्थायी घर भई हाल .......................... गाउँपालिका/नगरपालिका वडा नं. ..........मा वसोवास गर्दै आएको वर्ष ..........को ....................................ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा ................................ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति .......... को ठेक्का नं. ......... को सूचना बमोजिम ढुङ्गा, गिट्टी र वालुवा उत्खनन्, सङ्कलन तथा बिक्री वितरणका लागि तपाईं समेतले पेश गर्नु भएकोले बोलपत्र मूल्याङ्कन गर्दा आ.व. २०७८/७९ का लागि रु ............ (अक्षेरुपी .......मात्र) (मु अ कर बाहेक) मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति ............ मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम तपसिल बमोजिमको क्षेत्रमा इन्द्रसरोवर गाउँपालिकाको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु। तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति ................मा यस कार्यालयलाई ................प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट बुझाई मिति ............ देखि मिति ................सम्म आ.व. २०७८/७९को लागि ठेक्का चलाउनेछु। पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनमानी राजीखुसी सँग रकम चलनको कबुलियत लेखी यस कार्यालयमा बुझाएको छु।

**<u>तपसिलः</u>**

१. यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आ.व. २०७८/७९ का लागी ................प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु ............ (मू.अ.कर बाहेक) वा प्रथम किस्ता वापत रु. ........................... बुझाई .................. गते देखि ............ सम्मको लागि प्रचलित कानूनको अधीनमा रही आय सङ्कलन गर्नेछु।

२. उक्त आय सङ्कलन गर्नका लागि गाउँपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालबस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मुल्य, सेवा शुल्क वा दस्तुरको रुपमा आय सङ्कलन गर्ने गरी गाउँपालिकालाई अग्रिम प्रथम किस्ता वापतको रकम रु. ................................ बुझाएको छु।

३. सो आय सङ्कलन गर्न गाउँपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क, दस्तुर इत्यादी थप गरी लिनेछैन र इन्द्रसरोवर गाउँपालिकाबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय सङ्कलन गर्ने छैन। अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनाधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको पाइएमा नियमानुसार कारबाही र सहाय भएमा मलाई मञ्जुर छ।

**शर्तनामा**

**तपसिलः**

१. साधारण निर्माणमूखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकी निर्धारित स्थानवाट मात्र उत्खनन् तथा विक्री वितरण गर्नुपर्नेछ।

२. साधारण निर्माणमूखी नदीजन्य पदार्थको उत्खनन् सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लेखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिका वा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ।

३. ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अङ्कको साथै उत्खनन्को लागि उल्लिखित परीमाणको आधारमा बिक्री शुल्क बापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप ...........मू.अ.कर रकम समेत गरी एकमुष्ठ वा ..........किस्तामा ............प्रतिशतका दरले ..............मसान्त भित्र र ................महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनुपर्नेछ।

४. यस गाउँपालिकाको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश कानून, खानीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवमं प्रारम्भीक वातावरणीय परिक्षण यस शर्तको अभिन्न अङ्ग रहनेछ।

५. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री वितरण कार्य चुरे, मध्यवर्ति क्षेत्र, राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेका स्थानहरुबाट गर्न पाइनेछैन।

६. बिक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनु पर्नेछ।राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन।

७. नेपाल सरकार वा यस इन्द्रसरोवर गाउँपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयमंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ।सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकम बाट कट्टा गर्न पाईनेछैन।

८. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यलयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ।

९. विक्री मुल्य वा शुल्क असुल गर्नुपर्ने दररेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्यरुपले सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ।

१०. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ।

११. तोकिएको म्याद भित्र ठेकेदारले गाउँपालिकालाई बुझाउनुपर्ने किस्ता रकम नबुझाएमा इन्द्रसरोवर गाउँपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको १०% का दरले ब्याज समेत ठेकेदारबाट गाउँपालिका वा नगरपालिकाले असुल गर्नेछ।

१२. इन्द्रसरोवर गाउँपालिकाले विक्री मुल्य वा शुल्क कर असुल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन।

१३. प्रचलित ऐन, नियम बमोजिम शर्त तथा दररेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ।

१४. ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ।तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नु पर्ने भएमा इन्द्रसरोवर गाउँपलिकाको पूर्व स्वीकृति लिएर मात्र राख्नु पर्नेछ सङ्कलन केन्द्र राख्ने स्थान

| क्र. सं | ठेक्काको किसिम | सङ्कलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |
| | | | |
| | | | |

१५. आ.व २०७८/७९को लागि निम्नानुसारको नदीजन्य सामाग्रीमा प्रति घन फिट विक्री दर रु. .......मा मू.अ.कर बापत १३% थप गरी निम्नानुसार बिक्री मूल्य वा शुल्क सङ्कलन गर्न पाईनेछ। साथै तोकिएको अवधिभित्र पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन गर्न रोक लगाईनेछ।

१६. उत्खनन्, सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमूखी नदीजन्य तथा खानीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ। शुन्य गर्न नसकेको परिणाम गाउँपालिकाले जफत गरी लिलाम गर्नेछ।

१७. साधारण निर्माणमूखी नदीन्य तथा खानीजन्य पदार्थ बिक्री बापत गाउँपालिकालाई बुझाउनु पर्ने बिक्री शुल्कको विवरण देहायको ढाँचामा राखुपर्नेछ।

(प्रति घन फिटमा)

| नदीजन्य पदार्थ | ठेकेदारले लिन पाउने बिक्री मूल्य वा शुल्क (....%) | मु अ क रकम (१३%) | कुल जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |

१८. सामान्य निर्माणमूखी खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रीय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

१९. सामान्य निर्माणमूखी नदीजन्य उत्खनन् गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन।

२०. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन।

२१. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्णरुपले पालना गर्नुपर्नेछ र सोको नियमित रुपमा गाउँपालिकाबाट अनुगमन हुनेछ। त्यस्तो अनुगमनबाट शर्त उल्लङ्घन गरेको पाईएमा कार्यालयले जुनसुकै बखतमा अनुमति रद्द गर्न सक्नेछ र त्यसबाट ठेकेदारलाई हानी नोक्सानीको जिम्मेवार कार्यालय हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन।

२२. साधारण निर्माणमूखी नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रकृयाहरु अवलम्वन गरी ढुङ्गा सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ।

२३. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले गर्नु पर्नेछ। सो बापत लागेको खर्च गाउँपालिकामा दाबी गर्न पाइने छैन।

२४. उत्खनन् गर्दा नजिक रहेको सडक, वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घर जग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ।

२५. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनेछैन।

२६. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, वालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरिनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ।

२७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि ........सम्म विहान ......बजे देखि वेलुका.........बजे सम्ममात्र उत्खनन् गर्न पाइनेछ।

२८. साधारण निर्माणमुखी खानिजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एक्स्काभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ।

२९. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालबस्तु उठाई अन्यत्र लगेको वा स्टक फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदरले उठाउन सक्नेछ।

३०. उत्खनन् पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लागी पूर्व अवस्थामा छोड्नु पर्नेछ। नदीको धार बदलिने गरी उत्खनन् गर्न पाईनेछैन।

३१. साधारण निर्माणमुखी खानिजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कसाथ उत्खनन् तथा बिक्री प्रवन्ध मिलाउनु पर्नेछ।

३२. अनुसूची-३, ४क र ४ख बमोजिमको विवरण दैनिक तयार गरी अभिलेख राख्नुपर्नेछ।

३३. अनुमति बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ। साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि विमा गर्ने गराउने दायित्व समेत ठेकेदारको हुनेछ।

३४. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्युनीकरणका उपायहरुको पूर्ण पालना गरी खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा बिक्री गर्नु पर्नेछ।

३५. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(नोटः शर्तहरु कार्यालयको निर्णयानुसार थपघट हुन सक्नेछ।)

गाउँपालिकाको छाप

गाउँपालिकाको तर्फबाटः
हस्ताक्षरः .............................
नामः.....................................
पदः प्रमुख प्रशासकीय अधिकृत

म .................... को आधिकारीक व्यक्ती हुँ। इन्द्रसरोवर गाउँपालिका अन्तर्गत वडा नं....... स्थित खोलाबाट नदीजन्य पदार्थको उत्खनन् गरी आय सङ्कलन गर्ने अनुमती पाएको श्री .............ले तपसिल वमोजिमका शर्तहरु (पाना सङ्ख्या-४) अनिवार्यरुपमा पालना गर्नेछ र शर्तहरु उल्लङ्घन गरेको पाइएमा प्रचलित कानून वमोजिम कारवाही र सजाय सहुँला बुझाँउला।

नामः

हस्ताक्षरः

नागरिकता नंः-

मितिः

सहीछाप गर्ने ठेकेदारको प्रतिनिधिको फोटो

ठेकेदार संस्थाको छाप

| औठाछाप | |
|---|---|
| दाँया | वाँया |
| | |

अनुसूची-२ग

(दफा ४ को उपदफा(५) सङ्ग सम्बन्धित)

**पट्टाको फाराम**

इन्द्रसरोवर गाउँपालिकाबाट श्री ..........को नाती...............को छोरा ............जिल्ला ............ गा.पा. वडा नं. ....... स्थायी घर भई हाल ..................गा.पा. वडा नं. ........मा बसोवास गर्दै आएका वर्ष ........को ..............ले कानून बमोजिम इन्द्रसरोवर गाउँपालिकाको तपसिल बमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का वन्दोवस्त गर्ने गरी यस इन्द्रसरोवर गाउँपालिकाबाट बोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व. २०७८/७९को लागि रु. ...........।—(मू.अ.कर बाहेक) अक्षरेपी .............मात्रमा ठेक्का दिने गरी तपाईसङ्ग ठेक्का बन्दोवस्त गर्न मिति ............मा यस गाउँपालिकाबाट भएको निर्णय अनुसार तपसिलका शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कबुलियत गरिदिनु भएको हुँदा कबुलियत बमोजिम घटी बढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र इन्द्रसरोवर गाउँपालिकालाई सम्पूर्ण किस्ता रकम रु. .........।— वा प्रथम किस्ता वापतको रकम रु. ...... बुझाई मिति ........देखी मिति ........सम्म आ.व. २०७८/७९ को लागि देहाय बमोजिमका श्रोतहरुबाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला। तपाईले गरी दिनुभएको सम्झौता र यो पट्टाको बर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसङ्ग भएको ठेक्का सम्झौता तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसबाट यस गाउँपलिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैङ्क जमानत वा नगदै दाखिला गरेको रकमबाट असुल उपर गरिनेछ। पछि तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस इन्द्रसरोवर गाउँपालिकाबाट ठेक्का चलनको पूर्जी गरिदिईएको छ।

तपसिलः

१. सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. २०७८/७९को सम्पूर्ण किस्ता वा प्रथम किस्ता वापतको रकम रु. ...... बुझाई ......साल .....गते देखी ...... साल .........गते सम्मलाई प्रचलित कानूनको अधिनमा रही इन्द्रसरोवर गाउँपालिकाको आय सङ्कलन गर्ने।

२. उक्त आय सङ्कलन गर्नका निमित्त इन्द्रसरोवर गाउँपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालबस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रुपमा आय सङ्कलन गर्नेछु। यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसिद यसै गाउँपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु।

३. सो आय सङ्कलन गर्न इन्द्रसरोवर गाउँपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय सङ्कलन गरिने छैन। यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनाधिकृत रसिद प्रयोग गरेको पाईएमा नियमानुसार कारवाही र सजाय हुनेछ।

४. अन्य कुराहरु तपाई र यस गाउँपालिकाको कार्यालय वीच भएको सम्झौता बमोजिम हुनेछ।

५. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ।

| क्र.सं | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | वालुवा (क्यू.फि) | ढुङ्गा (क्यू.फि) | ग्राभेल/गिट्टी (क्यू.फि) | सङ्कलन गर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

६. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट

अनुसूची-३

(दफा ४ को उपदफा(७) सङ्ग सम्बन्धित)

**पटके प्रवेश आदेश**

ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परीमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

**नदीको नामः**

**नाका वा स्थानको नामः**

**प्रवेश आदेश मितिः** **समयः** **प्रदेश आदेश नं.:**

<u>**नदी प्रवेश आदेश विवरण**</u>

**१. ढुवानी गरी लैजाने नाकाको नामः**

**ठेगानाः** **सम्पर्क फोन नं.:**

**२. ढुवानी गरिने पदार्थको नामः**

**३. ढुवानी गरी लैजाने साधनको नामः** **सवारी दर्ता नं.:**

**४. निकाली लैजाने पदार्थको परीमाणः** **घन फूटः**

**५. ढुवानी गरी लैजाने स्थानः**

**६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः**

**(जुन प्रयोजनको लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)**

**क) निजी निर्माण**

**ख) सार्वजनिक निर्माण**

**ग) प्रशोधन पछि विक्री**

**घ) अन्य (प्रयोजन खुलाउने.....................................)**

नोटः यो आदेश नलिई ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार-पसार गर्ने र सञ्चय चा भण्डारण गर्न निषेध गरिएको छ। कही कतै त्यस्तो गरेको पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

प्रवेश आदेश दिने कर्मचरीको नाम, थरः

सहीः

ठेकेदार वा प्रतिनिधिको नाम, थरः

सहीः

**अनुसूची-४क**

(दफा ७ को उपदफा (६) सङ्ग सम्बन्धित)

**उत्खननकर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख**

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन्, ओसार-पसार कार्यका लागि प्रारम्भीक वातावरणीय परीक्षणको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख

नाका वा स्थान भएको खानी वा नदीको नामः

उत्खनन् गरिएको नाका वा स्थानको नामः

| क्र.स. | उत्खनन् गरिएको मिति | उत्खनन् गरिएको परीमाण | उत्खननकर्ता वा प्रतिनिधिको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

## अनुसूची-४ख

(दफा ४ को उपदफा (६) सङ्ग सम्बन्धित)

## दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरीज

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी र वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन्, सङ्कलन कार्यका लागि प्रारम्भीक वातावरणीय परीक्षणको कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख तेरीज

नदी वा खानीको नामः

नाकाको नामः

| क्र.स. | ढुवानी मिति | पटके बिक्री आदेश नं. | पटके बिक्री भएको परीमाण | बिक्री भएको पदार्थ लैजाने सवारी नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

नोटः यो फाराम उत्खनन् स्थलबाट प्रत्येक पटक भरी पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा इन्द्रसरोवर गाउँपालिकालाई अनिवार्यरुपमा पठाउनु पर्नेछ।

**अनुसूची-५**

(दफा ९को उपदफा (७) सङ्ग सम्बन्धित)

**इन्द्रसरोवर गाउँपालिकाबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिष्ट**

| क्र.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेशिन उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग हुने एक्साभटरको सङ्ख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको समय पालना भएको | | |
| ५ | अधिकतम गहिराईको मापदण्ड पालना भएको | | |
| ६ | निकालिने परीमाण पालना भएको | | |
| ७ | मुख्य वस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दूरी पालना भएको | | |
| ८ | स्थानीय सडक देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्म औषत दूरी पालना भएको | | |
| ९ | थुपार्ने काम नदी तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| १० | दैनिक उत्खनन् अभिलेख | | |
| ११ | दैनिक बिक्री ढुवानी तेरिज | | |
| १२ | प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने व्यवस्थालाई कडाईका साथ लागु भएको | | |
| १३ | रेखाङ्कन सहितको नाप नक्शा राखेको | | |
| १४ | मार्गको धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध | | |
| १५ | साईड ड्रेन र हिलो थिग्रने पोखरी(सेटिङ्ग पोन्ड) को व्यवस्था गरेको | | |
| १६ | उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरेको | | |
| १७ | उत्खनन् गरिने परीमाण, चौकिल्ला, उत्खनन् विधि राखेको | | |
| १८ | गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. र सूचना पाटी | | |
| १९ | क्रसर उद्योगले पालना गर्नुपर्ने दूरी सम्बन्धी मापदण्ड पालना | | |

| | | | |
|---|---|---|---|
| २० | शुन्य मौज्दात सम्बन्धी व्यवस्थाको पालना | | |
| २१ | ढुवानी र ओसार पसार सम्बन्धी मापदण्डको पालना | | |
| २२ | तोकीएको बजार मूल्यको पालना | | |
| २३ | अन्य कुनै विषयहरु | | |

## अनुसूची-६

(दफा १७ सङ्ग सम्बन्धित)

## उत्खनन् स्थलमा राख्नुपर्ने सूचना पाटीको नमूना

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानरकारीका लागि राखिने सूचना पाटी

क) उत्खनन्, सङ्कलन गरिने स्थलः

ख) उत्खनन्, सङ्कलनको विवरणः

१. नदी वा खानीको नामः

२. ठाउँको नामः

३. उत्खनन् गरिने परीमाण घनफिटमाः

४. उत्खनन् कार्यमा प्रयोग हुने साधनः

५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगानाः

६. उत्खनन् गर्ने अवधीः

कुनै गुनासो वा थप जानकारीका लागि सम्पर्कः

गुनासो सुन्ने अधिकारीको नामः

पदः

कार्यालयः

सम्पर्क नं.:

# SECTION-VI

# Bill of Quantities

Notes for Unit Rate Contracts :
Objectives
The objectives of the Bill of Quantities are
(a) to provide sufficient information on the quantities of Works to be performed to enable Bids to be prepared efficiently and accurately; and
(b) when a Contract has been entered into, to provide a priced Bill of Quantities for use in the periodic valuation of Works executed.

In order to attain these objectives, Works should be itemized in the Bill of Quantities in sufficient detail to distinguish between the different classes of Works, or between Works of the same nature carried out in different locations or in other circumstances which may give rise to different considerations of cost. Consistent with these requirements, the layout and content of the Bill of Quantities should be as simple and brief as possible.
Content
The Bill of Quantities should be divided generally into the following sections:
(a) Preamble;
(b) Work Items (grouped into parts);
(c) Day works Schedule;
d) Provisional Sums; and
(d) Summary.

Preamble
The Preamble should indicate the inclusiveness of the unit prices, and should state the methods of measurement which have been adopted in the preparation of the Bill of Quantities and which are to be used for the measurement of any part of the works.

Work Items
The items in the Bill of Quantities should be grouped into sections to distinguish between those parts of the Works which by nature, location, access, timing, or any other special characteristics may give rise to different methods of construction, or phasing of the Works, or considerations of cost. General items common to all parts of the works may be grouped as a separate section in the Bill of Quantities.
Day work Schedule
A Day work Schedule should be included only if the probability of unforeseen work, outside the items included in the Bill of Quantities, is high. To facilitate checking by the Employer of the realism of rates quoted by the Bidders, the Day work Schedule should normally comprise the following:
(a) A list of the various classes of labor, materials, and Constructional Plant for which basic day work rates or prices are to be inserted by the Bidder, together with a statement of the conditions under which the Contractor will be paid for work executed on a day work basis.
(b) Nominal quantities for each item of Day work, to be priced by each Bidder at Day work rates as bid. The rate to be entered by the Bidder against each basic Day work item should include the Contractor's profit, overheads, supervision, and other charges.
Provisional Sums
A general provision for physical contingencies (quantity overruns) may be made by including a provisional sum in the Summary Bill of Quantities. Similarly, a contingency allowance for possible price increases should be provided as a provisional sum in the Summary Bill of Quantities. The inclusion of such provisional sums often facilitates budgetary approval by avoiding the need to request periodic supplementary approvals as the future need arises. Where such provisional sums or contingency allowances are used, the Contract Data should state the manner in which they will be used, and under whose authority (usually the Project Manager's).

Summary
The Summary should contain a tabulation of the separate parts of the Bill of Quantities carried forward, with provisional sums for Day work, for physical (quantity) contingencies, and for price contingencies (upward price adjustment) where applicable.

These Notes for Preparing Specifications are intended only as information for the Employer or the person drafting the Bidding documents. They should not be included in the final documents.

# Bill of Quantities

## 1 Provisional Sum

Procument Item Details

| SL. No | Item Description | Unit | Quantity | Unit Rate(NPR) | Amount(NPR) |
|---|---|---|---|---|---|
| 1 | | | 0.0 | 0.0 | 0.00 |

## 2 Mining quarrying and other associated products

Procument Item Details

| SL. No | Item Description | Unit | Quantity | Bidder's Rate (NPR) | Bidder's Rate (in words) | Total Amount (NPR) |
|---|---|---|---|---|---|---|
| 1 | Collection and Selling River Bed material for collection of internal revenue as per instructions provided by Indrasarowar Rural Municipality, Office of Rural Municipal Executives. | cft | 1723329.6 | | | |

Total of Procument Items

| | |
|---|---|
| **Total Item Price** | |
| **VAT** | |
| **Grand Total** | |